# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २३ सितम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. मुख्यमंत्री ममता बनर्जीले आज पूर्व बर्दवान जिल्लाको जिलाधिकारीको कॉन्फ्रेंस हलमा एक प्रशासनिक बैठक गर्नु भयो ।
२. पहाडका चिया श्रमिकहरुको पूजा बोनासलाई लिएर डेपुटी लेबर कमिश्नरले भोलि सिलगडीको डागापूरस्थित श्रमिक भवनमा बैठक डाकेको छ I
३. विद्युत विभागद्वारा काम गरेको पैसा समयमा नदिएकोले भोलीदेखि बिद्युत मर्मतिको काम बन्द गर्ने पश्चिम बंगाल राज्य विद्युत ठेकेदार संघले घोषणा गरेको छ।
४. आगामी 27 सेप्टेम्बर विश्व पर्यटन दिवसको अवसरमा रोहिणी क्षेत्रमा विभिन्न एडभेञ्जर टुरिज्म शुरु गरिने भएको छ I
५. आर.जी. कर अस्पतालमा महिला डाक्टरसित भएको बलात्कार अनि हत्याको मामिलामा पानीहाटीका तृणमूल विधायक निर्मल घोषलाई सीबीआईले सोधपुछ गरेको छ।

**मुख्यमंत्री – जिलाधिकारी बैठक**

मुख्यमंत्री ममता बनर्जीले आज पूर्व बर्दवान जिल्लाको जिलाधिकारीको कॉन्फ्रेंस हलमा एक प्रशासनिक बैठक गर्नु भयो। यस बैठकमा जिलाधिकारी राधिका अय्यर, पुलिस अधीक्षक अमनदीप, मंत्री स्वप्न देबनाथ, प्रदीप मजूमदार, मलय घटक, अनि सिद्दीकुल्ला चौधरी साथै अन्य प्रशासनिक अधिकारीहरुको उपस्थिति थियो। बैठकको मुख्य उद्देश्य राज्यमा बाढ़ प्रभावित क्षेत्रको समीक्षा अनि आवश्यक कदम उठाउने विषयमा चर्चा गर्नु थियो। मुख्यमंत्री बनर्जीले भन्नु भयो, कसैलाई पनि अफवाह फैलाउने मौका प्राप्त नहोस, यस कुरोमा ध्यान राखियोस्। उहाले सबै विधायक अनि सांसदहरुलाई आ आफ्नो कोटाको रकम ग्रामिण क्षेत्रमा सडक सुधार्ने काममा लगाउने आह्वान गर्नु भयो |

****** ० ******

**चियाबारी बोनस बैठक**

पहाडका चिया श्रमिकहरुको पूजा बोनासलाई लिएर डेपुटी लेबर कमिश्नरले भोलि सिलगडीको डागापूरस्थित श्रमिक भवनमा बैठक डाकेको छ I स्मरण रहोस, योभन्दा अघि दार्जीलिंग डीटीए भवन अनि दागापूरको श्रमिक भवनमा गरी दुईपल्ट सम्पन्न भएको बैठक विफल बनिसकेको छ भने 20 प्रतिशत बोनसको मागमा विभिन्न चिया श्रमिक संगठन अनि श्रमिकहरुले दार्जीलिंग, खर्सांग अनि मिरिकको विभिन्न चियाबारीहरुमा प्रत्येक दिन गेट सभाहरू आयोजना भैरहेको छ I

****** ० ******

**दुर्गा पूजा अनुदान**

विगत केही वर्षदेखि पश्चिम बंगाल सरकारले दुर्गा पूजा समितिहरुलाई अनुदान प्रदान गर्दै आइरहेको छ। गत वर्ष प्रति क्लब 70 हजार रुपिया गरेर अनुदान प्रदान गरिएको थियो भने यस वर्ष अनुदान रकम वृध्दि गरेर 85 हजार रुपिया गरिएको छ। तथापी आज दुर्गा पूजा अनुदान विषयमा चली रहेको एक जनहित याचिका माथि सुनवाई गर्दै कलकत्ता उच्च न्यालयका मुख्य न्यायाधीश टी.एस शिवगणनमले 85 हजार रुपिया पूजाको निम्ति पर्याप्त नरहेको बताउनु भएको छ । सुनवाईमा मुख्य न्यायाधीशले "पछिल्लो दुइ वर्ष देखि आफू दुर्गा पूजा पंडालहरुमा गइरहेको अनि 85 हजार रुपियाले केहि संभव हुने नदेखेको बताउनु भयो।

****** ० ******

**बिद्युत मर्मति**

विद्युत विभागद्वारा काम गरेको पैसा समयमा नदिएकोले भोली २४ सेप्टेम्बर २०२४ देखि बिद्युत मर्मतिको काम बन्द गर्ने पश्चिम बंगाल राज्य विद्युत ठेकेदार संघले आज एउटा पत्रकार सम्मेलनमार्फत घोषणा गरेको छ। ठेकेदारहरुले वर्ष भरि गरेको कामको पैसा पूजाको समयमा पनि बिद्युत बिभागले भुक्तान नगरेको जसले गर्दा श्रमिकहरूलाई पुजा बोनस दिन नसक्ने अवस्था आइपरेको बताएका छन् I विभागसंग लगातार बातचीत गर्दा पनि समस्याको समाधान नाभेपछि भोलिदेखि बिद्युत मर्मतिको काम बन्द गर्ने निर्णय संगठनले लिएको नर्थ बेङगाल जोन अध्यक्ष प्रदिप प्रधान बताउनु भएको छ। आज ठेकेदार संघको एक सभा जलपाईगडीमा बसेको र सोही सभामा यो निर्णय लिएको उहाँले थप बताउनु भएको छ।

****** ० ******

**खरसाङ एड्भेञ्चर**

खरसाङको रोहिणी क्षेत्रमा एडभेञ्चर टुरिज्म संचालन गर्नका लागि जीटीएका एडभेञ्चर टुरिज्मका प्रमुख संयोजक दावा शेर्पा र उनको टोलीले क्षेत्रको स्थलगत निरीक्षण गरेका छन्। सर्वेक्षण अवधी रोहिनिको तल्लो भाग र तीनधारेको नयाँ कमानको सीमाना क्षेत्रमा एडभेञ्जर टुरिज्मको प्रशस्त सम्भावनाहरू देखा परेको अनि रोहिणी प्याराग्लाईडिङ एण्ड एडभेञ्जर एसोसिएशनको संयुक्त पहलमा आगामी 27 सेप्टेम्बर विश्व पर्यटन दिवसको अवसरमा रोहिणी क्षेत्रमा विभिन्न एडभेञ्जर टुरिज्मको शुरु गरिने सर्वेक्षण टोलीले जानकारी गराएको छ।

****** ० ******

**पंचायत समिति -बिजनबारी**

पुल बिजनबारी दार्जीलिङ खण्ड बिकास समितिका दुई निर्वाचित पञ्चायत समिति सदस्यहरु अलोक राई अनि दिवस राईले दार्जीलिङ पहाडको पञ्चायती ब्यवस्थामा निर्वाचित स्वतन्त्र पञ्चायत समितिहरू अनि स्वतन्त्र निर्वाचित पञ्चायत सदस्यहरूलाई सरकारद्वारा आएको ग्रामीण क्षेत्रको बिकासको सहुलियतबाट बञ्चित गरिएको एव खण्ड बिकास समिति पञ्चायत ब्यवस्था माथी पनि जीटीएबाट धेरै हस्तक्षेप भइरहेको आरोप लगाउदै कानून अनि श्रम बिभागका मन्त्रि मलय घटक संग भेट वर्ता गरि स्वतन्त्र निर्वाचित उम्मेदवारहरू सबैको पक्षबाट एउटा ज्ञापन पत्र चडाएका छन्। राज्यका कानून मन्त्रि मलय घटकले पनि सबै कुराहरू बुझेर राज्यका पञ्चायत मन्त्रि प्रदीप मजूमदारसंग चाँडो एउटा बैठक गराईदिने आश्वसन दिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**सोनादा छापामारी**

अप्पर सोनादा ग्राम पञ्चायत र लोवर सोनादा ग्राम पञ्चायतको संयुक्त पहलमा सोनादा बजार क्षेत्रमा रहेको मिठाई दोकानहरूमा छापा मारेको जानकारी प्राप्त भएको छ। दशैंको मुखैमा दोकानहरूमा राखिएको मिठाईहरू र अन्य सामानहरू सठीक रुपमा छ छैन साथै मिठाईहरूको डेट र स्वास्थ्य सुरक्षा सम्बन्धित विषयहरूमा छापा मर्ने कार्य गरेको बताईएको छ Iयसक्रममा अप्पर सोनादा ग्राम पञ्चायतका प्रधान दावा तामाङ, उप प्रधान हेमन्त गुरुङ, अनि लोवर सोनादा ग्राम पञ्चायतको पञ्चायत प्रधान बैजन्ती तामाङ, उप प्रधान थिलेन लामा साथै पंचायत सदस्यहरूको उपस्थिति रहेको थियो I

****** ० ******

**आर.जी. कर- निर्मल घोष**

आर.जी. कर अस्पतालमा महिला डाक्टरसित भएको बलात्कार अनि हत्याको मामिलामा पानीहाटीका तृणमूल विधायक निर्मल घोषलाई सीबीआईले सोधपुछ गरेको जानकारी प्राप्त भएको छ। उनलाई सोमवार सीजीओ कम्प्लेक्समा पेश हुनका लागि सीबीआईद्वारा समन पठाईएको थियो। जानकारी अनुसार विधायक निर्मल घोष बिहान 11 बजे भन्दा पहिला नै केन्द्रिय जाँच एजेन्सीको कार्यालयमा पुगेका थिए। यस मामिलामा एजेन्सीले उनीसित जाँचबुझ गरेको छ। सीजीओ कम्प्लेक्समा पुगेपछि पत्रकारहरूसंग कुराकानी गर्ने क्रममा विधायक घोषले घटना आफ्नो विधानसभा क्षेत्रमा भएको कारण केही दस्तावेजहरू जमा गराउनु परेको कारण नै आफू सीजीओ कार्यालय आएको बताएका थिए I

****** ० ******

**सिलगढी भाजपा - महिला मोर्चा**

पश्चिम बङ्गाल राज्यमा महिला उत्पीडन र बलात्कारका घटनाहरु बढिरहेको र यसप्रकारको घटनामा पुलिसले उचित पहल नचालेको आरोप लगाउदै सिलगडी भाजपा महिला मोर्चाले सिलगढी पुलिस स्टेशनमा गंगा जल छर्किदै झाडु प्रयोग गरेर शुद्धीकरण गर्ने कार्य गरेको छ I भाजपा महिला मोर्चा जिल्ला अध्यक्ष तरपिता सरकारले राज्यमा दिनप्रतिदिन बलात्कारका घटना बढ्दै गएको तर पुलिस प्रशासनले कुनै कारबाही नगरेको आरोप लगाउनु भयो । उहाले प्रशासनको मानसिकता परिवर्तन गर्न पुलिस चौकीलाई गंगाजलले शुद्ध गरिएको बताउनु भयो । यसैबीच भारतीय जनता पार्टी दार्जीलिङ जिल्लाका नारी मोर्चाले पश्चिम बङ्गालमा महिलाहरूसंग भइरहेको अन्याय विरुद्धको प्रतीकात्मक विरोध स्वरुप 'थाना शुद्धीकरण' कार्यक्रम गरेका छन् । यस क्रममा दार्जीलिङका विभिन्न क्षेत्रका महिला मोर्चाका सदस्यहरुको सहभागिता रहेको छ।

****** ० ******

**नाटक प्रतियोगिता**

गोर्खा दु:ख निवारक सम्मेलन दार्जीलिङको आयोजनामा नेपाली नाटक प्रतियोगिता २०२४ को फाइनल सम्पन्न भयो I प्रतियोगितामा 'कमाने आमा' सिर्शक रहेको नाटकलाई उत्कृष्ट ढंगमा मन्चन गर्दै नव ज्योति संघ सिङताम नाट्य टोली विजयी बनेको छ । वरिष्ठ नाट्य कलाकार एवं आकाशवाणी खरसाङकी पूर्व उद्घोषिका छिमी अङ्गु लामाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको फाइनलमा मोठ ४ वटा नाटकहरु मञ्चन गरिएको थियो। जसमध्ये नव ज्योति संघ सिङतामको नाटक 'कमाने आमा' प्रथम, नव नाट्य संस्थान सर्किट हाउस दार्जीलिङका नाटक अभिशाप दोस्रो ,गौरीशंकर नाट्य संस्थान डालीका ' उफ जिन्दगी' तेस्रो अनि नटराज नाट्य संघ मेरी भिल्लाको 'दोष कसको' नाटक चौथो भयो।

****** ० ******

**खरसाङ प्राणी सम्पदा**

प्राणी सम्पदा विकास विभाग खरसाङको आयोजना तथा खरसाङ भेटेरिनरी अधिकारी डा. सुडेनला छिरिङ भुटियाको पहलमा आज स्थानीय मोडर्न भेटेरिनरी क्लिनिकमा पशु बन्ध्याकरण शिविर सम्पन्न भएको छ। डा. समीर क्षेत्रीले दार्जीलिङका प्यारा-भेटहरूको टोलीसँग मिलेर शिविरमा कुल २१ वटा कुकुर र बिरालाको बन्ध्याकरण गरेको बताउनु भएको छ । शिविरमा खरसाङका बीएलडीओ डा. निहार भौमिक र डा. अंकुर शर्मा पनि उपस्थित थिए।

****** ० ******

**मिरिक- चित्रकला**

क्यानभस डट कम अनि हुडल्याण्ड एकाडेमीको संयुक्त आयोजनामा आगामी 2 अक्टोबर गान्धी जयन्तीको अवसरमा चित्रकला प्रतियोगिताको आयोजना गर्ने भएको छ। आज पत्रकारहरुसंग कुराकानी गर्नु हुदै हुडल्याण्डस एकादेमीकी प्रिन्सिपल चिरानिधि राईले प्रतियोगिता बिभिन्न वर्गमा हुने बताउनु भएको छ I उहाले प्रतियोगितामा मिरिक लगायत अन्य क्षेत्रका विद्यालयका बिद्यार्थीहरुले पनि सहभागी भाग लिन पाउने जानकारी गराउनु भएको छ I

****** ० ******

**लुविस अंग्रेजी स्कूल भलिबल**

मिरिकको लुविस अंग्रेजी स्कूलका विद्यार्थीहरु पश्चिम बंगाल राज्य अनि नर्थ इष्ट क्षेत्रलाई प्रतिनिधित्व गर्दै अन्डर 17 वर्गको सीआइसीई नेसनल गर्ल्स भलिबल टुनामेन्टमा तेस्रो स्थान ओगट्न सफल भएपछि घर फर्किएका छन् I यो प्रतियोगिता तम्मिलनाडुमा 17 अनि 18 सेप्टेम्बरको दिन सम्पन्न भएको थियो I उनीहरूलाई आज लुविस अग्रेजी स्कूलमा एक कार्यक्रमको आयोजना गर्दै स्कूलका निर्देशक लियानार्ड सुब्बा, विध्यार्थी शिक्षक शिक्षिका अनि जीटीए खेलकूद परिषदका सदस्य समीर राई अनि जीटीए मिरिकका जनसम्पर्क अधिकारी विवेक गालेले बधाई दिएका छन् I

****** ० ******